नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९
चलानी नं.:- ४८९

मितिः- २०७९/०२/०३

श्री स्थानीय तह (सबै) ।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३८६ मिति २०७९/०१/२७ को सार्वजनिक विदा र शैक्षिक सत्रको व्यवस्थापन सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७९।२।३

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

पत्र संख्याः- ७८/७९
चलानी नं.:- ३८६८

सिंहदरबार,
काठमाडौँ, नेपाल।
मितिः २०७९।०१।२७

विषयः सार्वजनिक विदा र शैक्षिक सत्रको व्यवस्थपन वारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०१।१३ मा परिक्षणको रुपमा २०७९ जष्ठ १ गते देखि लागु हुनेगरी शनिवार र आइतबार सार्वजनिकविदा दिने निर्णय भएकोले सो निर्णय कार्यान्वयनको सन्दर्भमा शिक्षण संस्थामा हुने क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तथा विदा सम्बन्धी निर्णय कार्यान्वयनमा एकरुपता कायम गर्नका लागि देहाय बमोजिम हुनेगरी गर्न गराउन त्यस मन्त्रालयबाट सबै स्थानीय तहमा लेखि पठाउन मिति २०७९।०१।२७ मा (माननीय मन्त्रीस्तरको) निर्णय अनुसार अनुरोध छ ।

१. विद्यालयहरूले साविक बमोजिम नै विहान १० बजे देखि अपरान्ह ४.०० बजे सम्म विद्यालयमा पठन पाठन सञ्चालन गर्ने ।
२. शुक्रवार दिनको १.०० बजेसम्म पठन पाठन सञ्चालन हुँदै आइरहेकोमा सो दिन पनि अन्य दिनहरूमा जस्तै अपरान्ह ४.०० बजेसम्म पठन पाठन सञ्चालन गर्ने गराउने ।
३. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेबमोजिमको पाठ्य घन्टा (Credit Hour) र कार्यघण्टा (Working Hour) मा नघट्ने गरी पठनपाठनका कार्यहरू सञ्चालन गर्नका लागि आईतवार सार्वजनिक विदा दिएका कारण अपुग हुने समयावधी हिँउदे वा वर्षे वा अन्य विदाबाट कटाइ पूर्ति गर्ने । यसो गर्दा वर्षभरीमा अधिकतम ३० दिन सम्म एकै पटक वा पटक पटक गरेर विदा दिन सकिने गरी स्थानीय तहले विदा समायोजन गर्ने ।

निर्मला निरौला
शाखा अधिकृत

फोन नं.:
वेबसाइटः www.moest.gov.np